# श्री ५ को सरकार (कार्य-विभाजन) नियमावली, २०३८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०३८।७।१९

श्री ५ महाराजाधिराजबाट नेपालको संबिधान, २०१९ को धारा २९ बमोजिम देहायको नियमावली स्वीकृत गरी बक्सेकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस नियमावलीको नाम "श्री ५ को सरकार (कार्य-विभाजन) नियमावली, २०३८" रहेको छ।

(२) यो नियमावली २०३८ साल आषाढ २ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. **परिभाषा:** यस नियमावलीमा-

(क) "सचिव" भन्नाले श्री ५ को सरकारको सचिव सम्झनुपर्दछ र सो शब्दले श्री ५ को सरकारको मुख्य सचिव समेतलाई जनाउंछ।

(ख) "मन्त्रालय" भन्नाले यस नियमावलीको अनुसूची (१) मा उल्लिखित सचिवालयलाई समेत जनाउंछ।

३. **मन्त्रालय र सचिवालय:** श्री ५ को सरकारको कार्यसम्पादन अनुसूची १ मा तोकिए बमोजिमका मन्त्रालय र सचिवालयद्वारा गरिनेछ।

तर श्री ५ को सरकारले नेपाल राजपत्रमा आदेश जारी गरी मन्त्रालय र सचिवालयको नाममा हेरफेर र संख्या थपघट गर्न सक्नेछ।

४. **कामको बांडफांड:** मन्त्रालय र सचिवालयमा कामको बांडफांड अनुसूची - २ मा तोकिए बमोजिम हुनेछ।

तर श्री ५ को सरकारले नेपाल राजपत्रमा आदेश जारी गरी कुनै मन्त्रालय वा सचिवालयको काम अर्को मन्त्रालय वा सचिवालयमा सार्न सक्नेछ।

५. **मन्त्रीहरुमा कार्यभारको विभाजन:** एउटा मन्त्री वा राज्यमन्त्रीलाई एक वा एकभन्दा बढी मन्त्रालय र सचिवालयको अख्तियार दिई कार्यभार बिभाजन हुन सक्नेछ।

६. **खारेजी:** श्री ५ को सरकार (कार्यबिभाजन) नियमावली, २०२४ (संशोधन सहित) र सो नियमावली अन्तर्गत जारी गरिएका आदेशहरु खारेज गरिएका छन्।

नेपाल कानून आयोग

## अनुसूची -१

## मन्त्रालय र सचिवालयको नाम

१. मन्त्रीपरिषद सचिवालय,

२. अर्थ मन्त्रालय,

३. उद्योग मन्त्रालय,

४. कानून तथा न्याय मन्त्रालय,

५. कृषि मन्त्रालय,

६. गृह मन्त्रालय ,

७. जलश्रोत मन्त्रालय,

८. निर्माण तथा यातायात मन्त्रालय,

९. पर्यटन मन्त्रालय,

१०. परराष्ट्र मन्त्रालय,

११. पञ्चाय तथा स्थानिय बिकास मन्त्रालय,

१२. भूमिसुधार मन्त्रालय,

१३. रक्षा मन्त्रालय,

१४. बन तथा भू-संरक्षण मन्त्रालय,

१५. वाणिज्य तथा आपूर्ति मन्त्रालय,

१६. शिक्षा तथा संस्कृति मन्त्रालय,

१७. सामान्य प्रशासन मन्त्रालय,

१८. संन्चार मन्त्रालय,

१९. श्रम तथा सामाजिक कल्याण मन्त्रालय,

२०. स्वास्थ्य मन्त्रालय,

नेपाल कानून आयोग

## अनुसूची - २

### १. मन्त्रिपरिषद् सचिवालय

१. राजदरबार सम्बन्धी बिषय,

२. मन्त्रीपरिषद सम्बन्धी,

३. बिभिन्न मन्त्रालयको कार्यको समन्वय र रेखदेख,

४. श्री ५ को सरकारको कार्य बिभाजन र कार्यसम्पादन सम्बन्धी व्यवस्था,

५. राष्ट्रिय योजना आयोग सम्बन्धी,

६. अख्तियार दुरुपयोग निवारण आयोग सम्बन्धी,

७. बिशेष प्रहरी बिभाग सम्बन्धी,

### २. अर्थ मन्त्रालय

१. आर्थिक नीति, प्रशासन र नियन्त्रण,

२. आर्थिक बिश्लेषण,

३. आर्थिक साधनहरुको बांडफांड,

४. मुद्रा,

५. बैकिङ्ग सम्बन्धी,

६. बीमा सम्बन्धी,

७. आय-व्यय बिवरण (बजेट),

८. राजश्व नीति तथा योजना,

९. राजश्व अनुसन्धान,

१०. राजश्व प्रशासन एवं सङ्कलनः–

(क) भन्सार ।

(ख) अन्तःशुल्क ।

(ग) आयकर, बिक्रीकर र श्री ५ को सरकारले समय समयमा लगाएको अन्य करहरु

(घ) मालपोत र रजिष्ट्रशन



नेपाल कानून आयोग

११. जग्गा दर्ता र सो सम्बन्धी,

१२. सामान्य मूल्य नीति,

१३. आर्थिक बिकासको लागि अन्तर्राष्ट्रिय सम्पर्क र अर्थ व्यवस्था सम्बन्धी,

१४. अन्तर्राष्ट्रिय आर्थिक एवं मुद्रा सम्बन्धी सम्मेलन,

१५. बैदेशिक सहायता सम्बन्धी,

१६. बैदेशिक सहायता समन्वय समिति सम्बन्धी,

१७. बिदेशी मुद्रा बिनिमय तथा नियन्त्रण,

१८. सार्वजनिक ऋण तथा जमानत,

१९. टकमरी,

२०. नाप र तौल,

२१. तलब, भत्ता, दैनिक एवं भ्रमण भत्ता, निबृत्तभरण र उपदान आदि,

२२. सरकारी संस्थानको तलब, भत्ता, बोनस, लगानी र लाभांस सम्बन्धी सामान्य नीति,

२३. सरकारी कोषको प्रशासन,

२४. लेखा नियन्त्रण,

२५. महालेखा परीक्षकको बिभाग सम्बन्धी,

२६. गुठी सम्बन्धी,

२७. कर्मचारी संचयकोष सम्बन्धी,

२८. संस्थान समन्वय सम्बन्धी,

२९. नेपाल इन्जिनियरिङ्ग सेवाको मेट्रोलजी उप-समूहको प्रशासन,

**३. उद्योग मन्त्रालय**

१. उद्योग सम्बन्धी नीति तथा कार्यान्वयन,

२. खानी तथा खनिज अन्वेषण सम्बन्धी नीति तथा कार्यक्रम,

३. खानी तथा खनिज बिकास सम्बन्धी अध्ययन, तालीम, अन्वेषण तथा सर्भेक्षण,

४. कम्पनी, कारखाना, उद्योग तथा खानी सम्बन्धी कानूनको प्रशासन,


www.lawcommission.gov.np

५. सरकारी क्षेत्रमा औद्योगिक कार्य,

६. औद्योगिक संघ-संस्थाहरु,

७. औद्योगिक नियोगहरु,

८. औद्योगिक क्षेत्रहरु,

९. अन्तर्राष्ट्रिय तथा क्षेत्रीय औद्योगिक संस्थाहरुसंगको सम्पर्क,

१०. बैदेशिक लगानी, प्रबर्द्धन तथा सोसम्बन्धी कानूनको प्रशासन,

११. घरेलु तथा ग्रामीण शीप र उद्योगको संरक्षण तथा प्रबर्द्धन,

१२. गुणस्तर निर्धारण,

१३. औद्योगिक लगानी प्रबर्द्धन,

१४. उद्योग सम्बन्धी संस्थानहरु,

१५. उत्पादकत्व बृद्धि सम्बन्धी नीति तथा कार्यक्रम,

१६. प्रबिधि बिकास र प्रबिधि हस्तान्तरण सम्बन्धी,

१७. औद्योगिक जनशक्तिको बिकास तथा तालीम, अन्वेषण तथा सर्भेक्षण,

१८. औद्योगिक प्रबर्द्धन तथा संरक्षण,

१९. पेटेण्ट, डिजाइन र ट्रेडमार्क सम्बन्धी,

२०. नेपाल इन्जिनियरिङ्ग सेवा अन्तर्गत माइनिङ्ग, जियोलोजी, केमिष्ट्री, केमिकल र मेटालर्जिकल समूहहरुको प्रशासन,

**४. <u>कानून तथा न्याय मन्त्रालय</u>**

१. ऐन, अध्यादेश, नियम र आदेश बनाउने सम्बन्धमा परामर्श दिने, मस्यौदा गर्ने र मस्यौदा जांच्ने,

२. प्रचलित नेपाल कानून, अर्न्राष्ट्रिय कानून, न्याय प्रणाली र न्याय प्रशासन सम्बन्धमा अनुसन्धान गर्ने, भैरहेको कानूनहरुको पुनरावलोकन गर्ने, सुधार गर्ने आवश्यक नयां कानूनको सुझाव गर्ने र बिकास गर्ने,

३. नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाहरु कानून अनुकूल बनाउन जांच्ने र सम्पादन गर्ने,

४. कानूनी राय सल्लाह दिने,



नेपाल कानून आयोग

५. करार (अन्तर्राष्ट्रिय समेत) तथा अन्य लिखतको मस्यौदा गर्ने, मस्यौदा जांच्ने र सो सम्बन्धमा परामर्श दिने,

६. सरकारी मुद्दा वापस लिने, मिलापत्र गर्ने, श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दामा सरकारी वकीलबाट बहस पैरवी वा प्रतिरक्षा गराउने,

७. देहायका बिषयमा कानूनी परामर्श दिनेः-

(क) बहुपक्षीय सन्धि सम्झौता स्वीकार (-याटिफिकेशन र एक्सेशन) गर्ने,

(ख) अन्तर्राष्ट्रिय वा अन्तर सरकारी संस्थाको सदस्यता ग्रहण गर्ने,

(ग) अन्तर्राष्ट्रिय कानूनी दायित्व व्यहोर्ने,

(घ) अन्तर्राष्ट्रिय सम्मेलन वा वार्ताहरुमा कुनै अन्तर्राष्ट्रिय कानूनको बिषयमा अपनाउनु पर्ने दृष्टिकोण,

८. अन्तर्राष्ट्रिय कानूनी बिवाद सम्बन्धी,

९. अन्तर्राष्ट्रिय कानून सम्बन्धी संस्था र सम्मेलनहरु र अन्तर्राष्ट्रिय संस्था र सम्मेलनहरुको कानूनी पक्ष,

१०. श्री ५ को सरकारलाई आवश्यक पर्ने कानून वा लिखतको अनुवाद गर्ने, अनुवाद जांच्ने र सन्धि सम्झौताको अनुवाद गर्ने,

११. सन्धि सम्झौताहरु र कानूनको एकीकरण एवं प्रकाशन,

१२. न्याय सेवा आयोग सम्बन्धी र न्याय सेवाको कर्मचारी प्रशासन,

१३. सर्वोच्च अदालत र अन्तर्गतका अदालत सम्बन्धी काम, न्याय प्रशासन, मुद्दा र अदालती लगतको तथ्याङ्क तथा सरकारी मुद्दाको तथ्याङ्क,

१४. महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतका कार्यालय सम्बन्धी र सरकारी वकील प्रशासन,

१५. न्यायीक समितिका कर्मचारी सम्बन्धी,

१६. राजश्व न्यायाधिकरण सम्बन्धी काम र प्रशासन,

१७. वागमती बिशेष अदालत, अन्य बिशेष अदालत र न्यायिक जांचबुझ आयोग सम्बन्धी,

१८. कानून र न्याय प्रशासन सुधार आयोगहरु सम्बन्धी,

१९. कानून व्यवसाय र निःशुल्क कानूनी सहायता,

२०. कानून किताब व्यवस्था समिति सम्बन्धी,

२१, कानून गोष्ठी र तालीम,

२२. व्यवस्थापन कार्यक्रम

## ५. कृषि मन्त्रालय

१. कृषि तथा कृषि उत्पादन सम्बन्धी नीति,

२. कृषि सम्बन्धी बैंङ्क र अन्य संस्थानहरु सम्बन्धी व्यवस्था,

३. कृषि बजार सेवाको व्यवस्था,

४. दुग्ध तथा दुग्धोत्पादित बस्तुहरुको बिकास,

५. बाली संरक्षण र तत्सम्बन्धी अनुसन्धान तथा सर्भेक्षण,

६. कृषि प्रचार-प्रसार तथा कृषक युवा कार्यक्रम,

७. खाद्यान्न, दलहन, तेलहन, नगदे बाली, औद्योगिक बाली, तरकारी, पुष्प तथा फलफूल खेतीको विकास तथा सुधार,

८. कृषि रसायन तथा माटो सम्बन्धी अनुसन्धान र ज्ञानको उपयोग,

९. कृषि इन्जिनियरिङ्ग र उन्नत कृषि औजार,

१०. पशपंक्षी पालन तथा यसको बिकास, नश्ल सुधार, दाना र चरण बिकास,

११. पशु चिकित्सा, पशु रोगको रोकथाम र औषधि उत्पादन तथा पशु चिकित्सा अनुसन्धान,

१२. ग्रामीण स्तरीय कृषि शिक्षा तथा तालीम,

१३. कृषि सर्भेक्षण, कृषि अनुसन्धान तथा कृषि फार्महरु र कृषि केन्द्रहरु,

१४. मत्स्य पालन,

१५. अन्तर्राष्ट्रिय कृषि संस्था सम्बन्धी कार्य,

१६. प्लाण्ट क्वारेन्टिन,

१७. कृषि उद्योग, नर्सरी तथा बीउं उत्पादन,

१८. कम्पोष्ट मल र गोबरग्यांस,

१९. कृषिमा आधारित बिशेष बालीहरु मह, च्याउं, रेशम आदि,

२०. कृषि सेवा अन्तर्गतका समूह र उप-समूहको प्रशासन,

## ६. गृह मन्त्रालय

१. शान्ति सुव्यवस्था,


www.lawcommission.gov.np
नेपाल कानून आयोग

२. नेपाल प्रहरी,

३. कारागार,

४. हातहतियार र खरखजानाको इजाजत,

५. नेपाल गुप्तचर सम्बन्धी,

६. बिष्फोटक पदार्थ सम्बन्धी नियन्त्रण,

७. बिदेशी नागरिक उपर रेखदेख, नियन्त्रण र देश बाहिर पठाउने सम्बन्धी,

८. सवारी नियन्त्रण,

९. उपत्यकामा रहेका सरकारी सवारी साधन,

१०. संघ संस्था सम्बन्धी,

११. स्थानीय प्रशासन,

१२. नागरिकता सम्बन्धी,

१३. आप्रवासन तथा प्रवासन,

१४. तीर्थस्थान र तीर्थयात्रीहरु,

१५. कल्याण धन र बेवारिसी धन,

१६. चिट्टा, जुवा इत्यादिको नियन्त्रण,

१७. सार्वजनिक स्थानमा अवान्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ र सार्वजनिक अपराध आदिको नियन्त्रण,

१८. दैवीप्रकोप सहायता,

१९. केन्दीय सचिवालय, मन्त्री, संवैधानिक अङ्गका प्रमुख आदिको आवासको निमित्त केन्द्रीय सेवाको व्यवस्था,

२०. सार्वजनिक बिदाको घोषणा, उर्दी र सार्वजनिक उत्सव आदि,

२१. सार्वजनिक चन्दा संकलन सम्बन्धी नियन्त्रण,

२२. बिभूषण सम्बन्धी,

२३. अध्यागमन,

२४. शरणार्थी सम्बन्धी,

२५. अञ्चल र जिल्लाको सदरमुकाम तथा सिमाना,

नेपाल कानून आयोग

२६. जन्म, मृत्यु तथा अन्य घटना दर्ता सम्बन्धी,

२७. वारुणयन्त्र सम्बन्धी,

२८. लागू औषधि नियन्त्रण प्रशासन सम्बन्धी,

२९. हाटबजार र मेला,

३०. अन्तर्राष्ट्रिय सीमा र सीमास्तम्भको हेरचाह र सम्भार,

३१. स्थानीय प्रशासन, नेपाल प्रहरी र कारागार सम्बन्धी अनुसन्धान र अन्वेषण,

३२. अञ्चल तथा जिल्लास्थित सरकारी भवनहरुको मर्मत, रेखदेख र नियन्त्रण,

३३. बिदेशी नागरिकले नेपालीलाई धर्मपुत्र वा धर्मपुत्री लिने सम्बन्धी,

३४. गृह मन्त्रालय सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन,

३५. अरु कुनै मन्त्रालय, सचिवालय वा बिभागको लागि किटानी साथ नतोकिएको श्री ५ को सरकारको कुनै काम,

## ७. जलस्रोत मन्त्रालय

१. जलस्रोत नियन्त्रण तथा उपयोग सम्बन्धी नीति र सोसम्बन्धी बिकास,

२. जलश्रोत सम्बन्धी सर्भेक्षण, अनुसन्धान तथा सम्भाव्यता अध्ययन,

३. जलस्रोत सम्बन्धी बहुमखी योजनाहरुको प्रबर्द्धन निर्माण, संचालन तथा संभार,

४. जलस्रोत सम्बन्धी जनशक्तिको बिकास,

५. खानेपानी, ढल निकास र सरसफाई,

६. बाढी नियन्त्रण,

७. बिद्युत र बिद्युत सम्बन्धी संस्थानहरु,

८. जलमार्गको बिकास,

९. सिंचाईको लागि जलस्रोत (भूमिगत समेत) सम्बन्धी अध्ययन, अनुसन्धान तथा कार्यान्वयन,

१०. जलवायु सम्बन्धी अध्ययन र भबिष्यवाणी,

११. सिंचाई आयोजनाहरुको संरक्षण, नियन्त्रण र सिंचाई सुबिधाको समुचित प्रयोग,

१२. पानीपोत सम्बन्धी,

१३. जलश्रोतको कानूनी व्यवस्था,

१४. जलस्रोत सम्बन्धमा अन्तर्राष्ट्रिय सम्मेलन तथा सम्पर्क,



नेपाल कानून आयोग

१५. इन्जिनियरिङ्ग सेवाका इलेक्ट्रीकल इन्जिनियरिङ्ग समूह, मेकानिकल इन्जिनियरिङ्ग समूह, मेटेरियोलजी समूह, स्यानीटरी उप-समूह, हाइड्रोपावर उप-समूह, इरिगेशन उप-समूह र हाइड्रोलजी उप-समूहहरुको प्रशासन,

## ८. निर्माण तथा यातायात मन्त्रालय

१. निर्माण, यातायात तथा भौतिक परियोजनाको बिकास सम्बन्धी नीति,

२. सडक, पुल, सरकारी भवन र बिमानस्थलको निर्माण, मर्मत तथा सम्भार एवं सम्बर्द्धन,

३. हवाई, जल तथा सतह मार्ग (रोपवे समेत) द्वारा हुने यातायात तथा परिवहनको सञ्चालन व्यवस्था,

४. राजमार्ग तथा अन्य सार्वजनिक सडक योजना,

५. नगर निर्माण (टाउन प्लानिङ्ग) योजना,

६. आवास योजना,

७. हवाई बिकास योजना,

८. रोपवे, रेल्वे, बस, पानीजहाज आदि यातायात बिकासको नीति निर्धारण,

९. हवाई मार्ग, स्थल मार्ग र जल मार्गको माध्यमवाट हुने यातायातमा सामञ्जस्यपूर्ण नीति निर्धारण,

१०. यातायात र परिवहन सम्बन्धी संस्थान तथा संगठनहरु,

११. निर्माण सम्बन्धी संस्थान तथा संगठनहरु,

१२. निर्माण तथा यातायात बिषयसंग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरु संगको सम्पर्क,

१३. नेपाल इन्जिनियरिङ्ग सेवा अन्तर्गत देहायका समूह, उप-समूहको प्रशासन -

(क) जनरल (सिभिल इन्जिनियरिङ्ग) उप-समूह,

(ख) ट्रान्सपोर्टेशन उप-समूह,

(ग) बिल्डिङ्ग एण्ड आर्किटेक्ट उप-समूह,

(घ) एरोनटिकल इन्जिनियरिङ्ग समूह,

(ङ) इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ्ग समूह,

(च) सिभिल एभिएशन अपरेशन म्यानेजमेण्ट इन्जिनियरिङ्ग समूह,

नेपाल कानून आयोग

## ९. पर्यटन मन्त्रालय

१. पर्यटन सम्बन्धी नीति,

२. पर्यटन उद्योग र पर्यटनको प्रबर्द्धन सम्बन्धी काम,

३. भ्रमण सम्बन्धी निकाय (ट्राभल एण्ड ट्रेकिङ्ग एजेन्सी),

४. पर्यटक पथप्रदर्शक तथा होटेल व्यवस्थापन र तालीम सम्बन्धी,

५. पर्वतारोहण सम्बन्धी,

६. अन्तर्राष्ट्रिय पर्यटन संस्थाहरु संगको सम्पर्क,

## १०. परराष्ट्र मन्त्रालय

१. परराष्ट्र नीति,

२. बिदेशी राष्ट्रहरुसंग सम्बन्ध,

३. नेपालस्थित बिदेशी नियोगहरु,

४. बिदेशमा नेपालीको प्रतिनिधित्व,

५. बिदेशमा नेपाल सम्बन्धी प्रचार,

६. बिदेशी राष्ट्रहरुसंग लेखापढी,

७. संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय वा प्रादेशिक संस्थाहरु,

८. सपुर्दगी,

९. राहदानी (पासपोर्ट) तथा बिदेशमा दिने भिसा,

१०. अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिने प्रश्नहरु,

११. अतिथि सत्कार,

१२. प्रोटोकल (शिष्टाचार),

१३. नेपाल एवं अरु देशका नागरिकहरुको परस्परको सरकारवाट व्यक्तिमाथिको दावा,

## ११. पञ्चायत तथा स्थानिय बिकास मन्त्रालय

१. स्थानीय पञ्चायतहरु,

२. राष्ट्रिय पञ्चायत सम्बन्धी,

३. पञ्चायतका वर्गीय संगठनहरु,

नेपाल कानून आयोग

४. दुर्गमक्षेत्र एवं स्थानीय बिकास सम्बन्धी,

५. सामुदायिक बिकास,

६. स्थानीय जनशक्ति र जन सहयोगको परिचालन,

७. पञ्चायत र स्थानीय बिकास सम्बन्धी तालीम, अनुसन्धान र अन्वेषण,

८. एकीकृत ग्रामीण बिकास परियोजना सम्बन्धी,

९. झोलुङ्गे पुल,

१०. गांउ र नगर तथा जिल्लास्तरको सार्वजनिक निर्माण कार्य,

११. पञ्चायत सम्बन्धी ऐन, नियम र तत्सम्बन्धी सीमाङ्कन,

१२. गाउं र नगर पञ्चायतको सीमाङ्कन,

१३. निर्वाचन र निर्वाचन आयोग सम्बन्धी,

१४. ग्रामीण महिला बिकास सम्बन्धी कार्य,

१५. स्थानीय प्रबिधिको बिकास,

१६. स्थगानीय बिकासको कार्यक्रममा समन्वय,

१७. स्थानीय बिकास सम्बन्धी अर्न्राष्ट्रिय सम्मेलन तथा सम्पर्क,

## १२. भूमिसुधार मन्त्रालय

१. भूमिसुधार सम्बन्धी नीति र योजना,

२. भूमिसुधार सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन,

३. भूमि सम्बन्धी ऐन, नियम र तत्सम्बन्धी प्रशासन र तालीम,

४. अनिवार्य बचत योजना, ऋण बितरण र ऋण असूली,

५. साझा (सहकारी) संस्था ऐन, नियम र तत्सम्बन्धी प्रशासन,

६. साझा (सहकारी) संस्था संगठन तथा प्रबर्द्धन,

७. सभ्ा (सहकारी) शिक्षा तथा तालीम,

८. जग्गा नाप जांच सम्बन्धी ऐन, नियम र तत्सम्बन्धी प्रशासन र तालीम,

९. जियोडेटिक नापी गर्ने, टोपोग्राफिकल नक्शा तयार गर्ने र हवाई सर्भेक्षण गर्ने,

१०. इन्जिनियरिङ्ग सेवाको नापी समूहको प्रशासन,

नेपाल कानून आयोग

## १३. रक्षा मन्त्रालय

१. रक्षा नीति,

२. शाही नेपाली सेनाको गठन र नियन्त्रण,

३. सैनिक अधिकृत र जवानहरुको अनुशासन र सेवा सर्त,

४. सैनिक गठन,

५. सैनिक तालिम,

६. सेना सम्बन्धी सुबिधा,

७. सैनिक हातहतियार र सामग्रीको खरीद र उत्पादन,

८. सैनिक कारवाई र सेनाको गतिबिधि आदि,

९. शाही नेपाली सेना सम्बन्धी कानून,

१०. सैनिक निर्माणशाला,

११. सैनिक व्यवस्थापन (इन्ष्टलेशन) र सञ्चार तथा यातायात,

१२. सैनिक भण्डार,

१३. शिलखाना,

१४. सैनिक गुप्तचर बिभाग,

१५. सैनिक अस्पतालहरु,

१६. सैनिक व्यारेक तथा कार्यालयहरुको व्यवस्थापन,

१७. प्रशासन र बिकास कार्यमा सहायता,

१८. राष्ट्रिय सेवा दलको संगठन, तालीम र प्रशासन,

१९. भूतपूर्व सैनिकहरुको कल्याण सम्बन्धी,

## १४. बन तथा भू-संरक्षण मन्त्रालय

१. बन सम्बन्धी नीति तथा योजना,

२. सरकारी वन, पञ्चायती वन, पञ्चायत संरक्षित वन, धार्मिक वन, कबूलियती बन र निजी वनसम्बन्धी कार्य,

३. सरकारी र गैर सरकारी वन क्षेत्रको सर्भेक्षण, नाप नक्शा र सीमा निर्धारण कार्य,

नेपाल कानून आयोग

४. भू-उपयोग, बन, बनजङ्गल र बन पैदावारको उपयोग, संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्य,

५. बन पैदावारको बिक्री, बितरण तथा तत्सम्बन्धी समिति र संस्थानहरु,

६. बन उद्योग र कच्चा वन पदार्थको प्रवन्ध,

७. बृक्षारोपण र वन सम्बन्धी अनुसन्धान,

८. वन्यजन्तुको संरक्षण र सदुपयोग,

९. राष्ट्रिय निकुञ्ज, बन्यजन्तु आरक्ष र शिकार क्षेत्र,

१०. हातिसार र चिडियाखाना,

११. भू तथा जलाधार क्षेत्रको संरक्षण, सम्वर्द्धन, विकास र समन्वय,

१२. प्राकृतिक वातावरणको संरक्षण र सन्तुलन,

१३. पुनर्वास र पुनर्वास सम्बन्धी संस्था,

१४. वनस्पती र वनस्पतीजन्य औषधि सम्बन्धी नीति, सर्भेक्षण, संकलन, सम्बर्द्धन, प्रशोधन, उत्पादन र अनुसन्धान,

१५. शाही औषधी लि.,

१६. औषधी ऐन र त्यसको प्रशासन,

१७. शाही वनस्पती उद्यान, जडिबूटी उद्यान,

१८. बनस्पती सम्बन्धी संग्रहालय (हर्वेरियम्)

१९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वन सम्बन्धी तालिम, सम्मेलन, गोष्ठी र प्रदर्शनीहरु,

२०. बन, वन्यजन्तु र वनस्पती, भू-संरक्षण, पुनर्वास सम्बन्धी ऐन, नियम र तत्सम्बन्धी प्रशासन,

२१. नेपाल वन सेवाको प्रशासन,

## १५. <u>वाणिज्य तथा आपूर्ति मन्त्रालय</u>

१. वाणिज्य तथा आपूर्ति नीति र कार्यान्वयन,

२. व्यापार विकास र वाणिज्य तथा आपूर्ति सम्बन्धी अनुसन्धान, अध्ययन, सर्भेक्षण, बिश्लेषण तथा तालीम,

३. व्यापार, वाणिज्य र आपूर्ति सम्बन्धी कानूनको प्रशासन,

नेपाल कानून आयोग

४. सरकारी क्षेत्रवाट गरिने व्यापार,

५. बैदेशिक व्यापार तथा निर्यात प्रवर्द्धन,

६. व्यापार तथा वाणिज्य सन्धी, सम्झौता तथा समिक्षा,

७. पारवहन सम्बन्धी व्यवस्था, बिकास तथा सन्धी-सम्झौता,

८. बजार व्यवस्था, प्रवर्द्धन तथा मूल्य सुपरीवेक्षण,

९. वाणिज्य तथा पारवहन सम्बन्धी बैदेशिक नियोगहरु,

१०. अन्तर्राष्ट्रिय क्षेत्रीय तथा राष्ट्रिय वाणिज्य सम्बन्धी संघ, संस्थाहरु,

११. अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय व्यापार सम्बन्धी संघ, संस्थाहरुसंगको सम्पर्क र समन्वय,

१२. व्यापार, आपूर्ति तथा पारवहन सम्बन्धी संस्थानहरु,

१३. खाद्य आपूर्ति सम्बन्धी नीति र कार्यान्वयन,

## १६. शिक्षा तथा संस्कृति मन्त्रालय

१. शिक्षा सम्बन्धी तथ्याङ्क, अनुसन्धान, योजना र नीति,

२. साधारण, प्राविधिक, व्यावसायिक, नैतिक, शारीरिक शिक्षा सम्न्धी कार्य,

३. शिशु, प्राथमिक, माध्यमिक, उच्च तथा प्रौढ शिक्षा,

४. शैक्षिक तथा शिक्षण, साहित्यिक एवं कलात्मक संस्थाहरु,

५. खुल्ला प्रतियोगितावाट मनोनयन हुने छात्रवृत्ति,

६. पुस्तकालय, संग्रहालय (म्यूजियम) र अभिलेखालयहरु,

७. पुरातात्विक वस्तुहरुको संग्रह र संरक्षण,

८. यूनेस्को र यूनिसेफ सम्बन्धी कार्य,

९. प्रतिलिपि अधिकार सम्बन्धी,

१०. बिश्वबिद्यालय सम्बन्धी कार्य,

११. पुरातात्विक महत्व भएका स्मारकहरुको संरक्षण तथा सम्बर्द्धन,

१२. पुरातात्विक अन्वेषण तथा उत्खनन्,

१३. देश वाहिर लगिने पुरातात्विक सामानहरुको जांच र अनुमति,

१४. राष्ट्रिय इतिहास अनुसन्धान,

१५. खेलकूद र बालचर सम्बन्धी,

१६. शिक्षा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन,

१७. शिक्षा, पुरातात्विक र खेलकूद आदि सम्बन्धी ऐन, नियम र तत्सम्बन्धी प्रशासन,

१८. सांस्कृतिक संस्थान सम्बन्धी,

१९. अन्तर्राष्ट्रिय सांस्कृतिक सम्झौता, सांस्कृतिक आदान-प्रदान आदि,

२०. नेपाल शिक्षा सेवा र सो सम्बन्धी प्रशासन,

**१७. <u>सामान्य प्रशासन मन्त्रालय</u>**

१. नेपाल निजामती सेवा सम्बन्धी कानूनको प्रशासन,,

२. निजामती कर्मचारी प्रशासन सम्बन्धी नीति, योजना, कार्यक्रमको तर्जुमा र कार्यान्वयन,

३. प्रशासन सुधार,

४. प्रशासन सम्बन्धी अन्तर्राष्ट्रिय संघ, संस्था र सम्मेलन,

५. श्री ५ को सरकारको तालीम सम्बन्धी नीति निर्धारण र आवश्यक सर्भेक्षण,

६. श्री ५ को सरकारद्धारा चलाईएका बिभिन्न प्रशासनिक तालीम कार्यक्रमहरुको समन्वय र मुल्याङ्कन,

७. प्रशासन सेवा सम्बन्धी देशभित्र र वाहिरको तालीम योजना र कार्यक्रममा स्वीकृती,

८. प्रशासन सम्बन्धी तालीमको सन्चालन,

९. तलब र अन्य सुबिधा सम्बन्धी नीति र सिद्धान्त सम्बन्धी परामर्श दिने,

१०. लोक सेवा आयोग सम्बन्धी,

११. नेपाल प्रशासन सेवा सम्बन्धी प्रशासन,

१२. नेपाल विविध सेवा,

**१८. <u>सञ्चार मन्त्रालय</u>**

१. सञ्चार सम्बन्धी नीति,

२. सूचना, प्रचार तथा प्रसार सम्बन्धी कार्य,

३. सरकारी प्रकाशन र पत्रिकाहरु,

४. अवाञ्छनीय प्रकाशनमा नियन्त्रण,

नेपाल कानून आयोग

५. सञ्चार, दूर सञ्चार र हुलाक,

६. प्रशारण र दूरदर्शन (टेलिभिजन)

७. श्री ५ को सरकारको छापाखाना,

८. समाचार, पत्रपत्रिका तथा प्रकाशन सम्बन्धी संस्थाहरु,

९. पत्रकारिताको बिकास,

१०. श्री रत्न रेकर्डिङ्ग संस्थान, शाही नेपाली चलचित्र संस्थान, दूर सञ्चार संस्थान, गोरखापत्र संस्थान तथा राष्ट्रिय समाचार समिति सम्बन्धी कार्य,

११. मनोरञ्जन सम्बन्धी कार्य,

१२. चलचित्र सम्बन्धी कार्य,

१३. सञ्चार सम्बन्धी ऐन, नियम र तत्सम्बन्धी प्रशासन,

१४. अन्तर्राष्ट्रिय सञ्चार संस्थाहरुसंगको सम्पर्क,

## १९. श्रम तथा सामाजिक कल्याण मन्त्रालय

१. श्रम तथा सामाजिक कल्याण सम्बन्धी नीति तथा कार्यान्वयन,

२. श्रम शक्ति तथा सामाजिक कल्याण सम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण तथा तालीम,

३. श्रम तथा सामाजिक कल्याण सम्बन्धी कानूनको प्रशासन,

४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम तथा सामाजिक कल्याण सम्बन्धी संघ, संस्थाहरुसंगको सम्पर्क र सम्बन्ध,

५. बाल, युवा, महिला, बृद्ध तथा निःसहायहरुको हित, संरक्षण तथा सम्बर्द्धन जस्ता समाज कल्याण सम्बन्धी कार्यहरु,

६. सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् सम्बन्धी कार्य,

७. श्रमिक र काम लगाउने व्यक्तिबीचको सम्बन्ध,

८. सरकारी क्षेत्रमा सामाजिक कल्याण कार्य,

९. ग्रामीण महिला कल्याण सम्बन्धी,

## २०. स्वास्थ्य मन्त्रालय

१. स्वास्थ्य सेवा सम्बन्धी नीति,

नेपाल कानून आयोग

२. सार्वजनिक स्वास्थ्य सेवा, यसको सम्बर्द्धन, योजना तथा बिकास,

३. एलोप्याथिक, आयुर्वेदीय, होमियोप्याथिक र यूनानी आदि चिकित्सा प्रणालीको बिकास तथा अनुसन्धान,

४. स्वास्थ्य सम्बन्धी बिभागीय तालीम,

५. स्वास्थ्य सेवा सम्बन्धी गैर सरकारी संस्थाहरु,

६. मेडिकल काउन्सिल,

७. आयुर्वेदीय तथा अरु औषधि उत्पादन, स्तर नियन्त्रण तथा बिक्री,

८. स्वास्थ्य सम्बन्धी कर्मचारीहरुको बैदेशिक तालीम, अन्तर्राष्ट्रिय संस्थाहरु तथा सम्मेलनहरु,

९. परिवार नियोजन तथा मातृ शिशु कल्याण योजना, जनसंख्या नियोजन सम्बन्धी,

१०. वातावरणीय स्वास्थ्य कार्यक्रम,

११. स्वास्थ्य र पोषण शिक्षा,

१२. स्वास्थ्य सम्बन्धी ऐन, नियम र तत्सम्बन्धी प्रशासन,

१३. नेपाल स्वास्थ्य सेवा र सो अन्तर्गतका समूह उप-समूहको प्रशासन,

नेपाल कानून आयोग